धनगढीमाई नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा

प्रदेश नं २, नेपाल

## औषधि तथा सर्जिकल सामग्री आपूर्ति सम्वन्धी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति २०७६/०८/०२)

धनगढीमाई नगरपालिकाले चालु आर्थीक बर्षाका लागि अत्यावश्यक औषधी तथा सर्जिकल सामग्री खरिद गर्नु पर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य आपूर्तिकर्तावाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सिलबन्दी दरभाउ पत्र खरिदका लागि आह्वान गरिन्छ ।

१. खरिद गरिने औषधि तथा सामग्रीको किसिम तथा परिमाण दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेखित भए वमोजिम हुनेछ ।

२. दरभाउपत्र यस धनगढीमाई नगरकार्यपालिकाको कार्यालय सिरहामा रु.१०००/- (फिर्ता नहुने गरि) बुझाई खरिद गर्न सकिने छ ।

३ अध्यावधिक नविकरण गरिएका औषधि व्यस्था विभागमा दर्ता भएका प्रमाण पत्र, आयकर दर्ता प्रमाण पत्र, स्थाई लेखा न., आ.व.२०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र वा म्याद थपको प्रमाणित भएका प्रतिलिपिहरु सहित दरभाउपत्र १६ औ दिन दिनको १२:०० वजेसम्म दर्ता गरिसक्नु पर्ने छ

४. दरभाउपत्र पेश गर्दा दरभाउपत्र साथ तोकिएको धरौटी धनगढीमाई नगरकार्यपालिकाको कार्यालय सिरहाको रा.बाणीज्य वैंक स्थित धरौटी खाता न. २२६०३०३००७१०२ मा जम्मा गरेको सक्कल वैंक भौचर संलग्न गर्नु पर्ने छ ।

५. दाखिला भएका दरभाउपत्रहरु १६ औ दिन दिनको २:०० वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा धनगढीमाई नगरकार्यपालिकाको कार्यालय सिरहामा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन । पुर्व निर्धारित मितिमा कारण वस दरभाउपत्र नखोलिएको अवस्थामा दरभाउपत्र रदरभाउपत्र जमानतको मान्य अवधिको गणना पुर्व निर्धारित मिति देखि नै गरिने छ ।

६.दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने एंव खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगतै पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुने छ ।

७.दरभाउपत्रमा आइटम वाइज अंक र अक्षर दुवैमा स्पष्टलेख्नु पर्ने छ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहिछाप भएको हुनु पर्नेछ।

८. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० ङ. अनुसार दरभाउपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, आफनो स्वार्थ नवाझिएको, पेशा वा व्यवसाय सम्वन्धि कसुरमा कुनै सजाय नपाएको भनि लिखित रुपमा स्वंय घोषणा गरेको पत्र पेश गर्नु पर्ने ।

९. एक फर्म, संथा वा कम्पनिको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म, संस्था वा कम्पनिको नामवाट पेश गर्न पाइने छैन ।

१०.औषधि आपूर्ति गर्ने करार अवधि भित्र कुनै किसिमको मुल्य वृदि दिइने छैन ।

११.दरभाउपत्र स्वकृति गर्ने, अस्विकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस धनगढीमाई नगरकार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

१२. औषधिको म्यादका सम्वन्धमा औषधि दाखिला हुने समयमा कम्तिमा १८ महिनाको वाँकी हुनुपर्ने छ तर कुनै औषधिको जम्मा १८ महिना भन्दा भन्दा कम हुने अवस्थामा को ७५ प्रतिशत म्याद दाखिला हुने मितिमा वाँकी हुनु पर्नेछ।

१३. औषधि सप्लाई गर्दा यस कार्यालयवाटस्वीकृत स्पेशिफिकेसन, नेपाल सरकारवाट मान्यता प्राप्त हरुवाट उत्पादित औषधिहरु मात्र सप्लाईदिनु पर्नेछ र मात्र सप्लाईदिनु पर्नेछ र प्रत्येक सप्लाई हुने औषधिको वाहिर निःशुल्क वितरणको लागि छाप लगाईएको हुनुपर्ने छ ।

१४. सूचनामा उल्लेख नभएको कुराहरुको हकमासार्वजनिक खरिद एंन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

१५. दरभाउपत्र सम्वन्धि अन्य कुनै कुरा बुझ्नु परेमा वा दरभाउपत्र सम्वन्धि हेर्नु परेमा यस यस धनगढीमाई नगरकार्यपालिकाको कार्यालय सिरहाको वेभ साइट www.dhangadhimaimun.gov.np वा सम्पर्क न. ९८५२८३२०५१, ०३३-४५४२३८ मा सम्पर्क राख्न सकिनेछ ।

दरभाउपत्र सम्वन्धि विवरण

| सि.न. | दरभाउपत्र न. | कामको विवरण | लागत अनुमान मुअकर सहित | धरौटी रकम |
|---|---|---|---|---|
| १. | DH-Mun-02-076/77 | औषधि तथा सर्जीकल सामग्री आपूर्ति गर्ने | रु. १५०००००।०० | ४५,०००।०० |